कानुनी साक्षरता शृंखला-८

# अत्याचारको अन्त

## अनुसूचित जाति औ अनुसूचित जनजाति अत्याचार निवारण अधिनियम 1989





साक्षर भारत

राज्य स्रोत केन्द्र असम
राष्ट्रिय साक्षरता मिसन प्राधिकरण
मानव संसाधन विकाश मन्त्रालय
भारत सरकार

न्याय विभाग
विधि तथा न्याय मन्त्रालय
भारत सरकार

**ASSAM STATE LEGAL SERVICES AUTHORITY**
1ST FLOOR, GAUHATI HIGH COURT, OLD BLOCK
GUWAHATI - 781001, ASSAM
PHONE : 0361 - 2516367, FAX : 0361 - 2601843
অসম ৰাজ্যিক আইন সেৱা প্ৰাধিকাৰী
গুৱাহাটী - ৭৮১০০১


No. ASLSA-38/2014/60 Dated: Guwahati the 29th April '2016

To
The Director,
State Resource Centre - Assam,
1- CD, Mandovi Apartments,
GNB Road, Ambari, Guwahati-781001
(Assam)

**Sub:** VETTING OF IEC MATERIALS ON LEGAL LITERACY COMPONENTS.

Ref.: Your letter no. SRC/170/97/654-56 dated 21.03.2016.

Dear Sir,

In inviting a reference to the subject as cited above, undersigned has the honor to state that the vetting of the IEC materials on legal literacy components in Nepali Language have been completed and are being returned herewith after minor modifications in sentence/word structuring and are shown in ink/pencil markings.

Rest of the IEC materials in Bengali language are also being carried out and are likely to be ready on or before 5th May'2016.

With best regards

Yours faithfully

Mridul K Saikia 29/4/2016
(Mridul Kr. Saikia)
Member Secretary i/c
Assam State Legal Services Authority

Encl:
As stated above.

04
30/4/16

# अत्याचारको अन्त

( अनुसूचित जाति औ अनुसूचित जनजाति अत्याचार

निवारण अधिनियम 1989 )

### कानुनी साक्षरता श्रृंखला-8

साक्षर भारत

राज्य स्रोत केन्द्र असम
राष्ट्रिय साक्षरता मिसन प्राधिकरण
मानव संसाधन विकास मन्त्रालय
भारत सरकार

सत्यमेव जयते

न्याय विभाग
विधि तथा न्याय मन्त्रालय
भारत सरकार

**Atyacharko Ant :** This book is based on legal awareness for the neoliterates on scheduled castes and scheduled tribes prevention of Atrocities Act 1989. This book is prepared by National Literacy Mission Authority and Department of Justice, Govt. of India, New Delhi. This book is translated and published by State Resource Centre Assam, 1-CD, Mandovi Apartments, GNB Road, Ambari, Guwahati-781001 (Assam)

March 2016 (1000)

| | | |
|---|---|---|
| मूल पुस्तक | : | अत्याचार का अंत |
| पुस्तक तयार पार्न कार्यशालामा सहयागीहरू | : | सन्तोष नेवार, सतीश कुमार थिङ्ग, भक्त प्रसाद ढकाल, रितम कुमार प्रधान |
| भारत सरकार न्याय विभाग विधि तथा न्याय मन्त्रालयको तर्फनबाट कार्यशालामा उपस्थित अधिकारीहरू | : | राजेश देउली, योजना अधिकारी, अङ्शुल सक्सेना, योजना अधिकारी, गोविन्द वैश्य, राज्य संयोजक |
| प्रथम प्रकाशन | : | मार्च 2016 (1000) |
| प्रकाशक | : | राज्य स्रोत केन्द्र असम, माण्डवी एपार्टमेन्ट्स, जी एन बी रोड, आमबारी, गुवाहाटी–781001 |
| सम्पादन | : | अनुराधा बरूवा, प्रसन्न कुमार कलिता |
| मुद्रक | : | शराईघाट अफचेट प्राईभेट लिमिटेड बामुणीमेदाम, गुवाहाटी–21 |

# आभार

साक्षर भारत कार्यक्रम सितम्बर 2009 मा सुरू गरियो। कार्यक्रम अन्तर्गत देशको निम्न महिला साक्षरता दर 410 जिल्लाहरूमा सन्मिलित गरियो। साक्षर भारत कार्यक्रमको केन्द्र बिन्दु ग्रामीण इलाकाका महिलाहरू, अनुसूचित जाति, अनुसूचित जनजाति वर्ग औ अल्पसंख्यक समुदाय हो। कार्यक्रममा बुनियादी साक्षरताको साथै समतुल्यता कार्यक्रम, कौशल विकास औ शत-प्रतिशत शिक्षालाई जोडिएको छ।

साक्षरताले शिक्षार्थीहरूको दैनिक जीवनसंग अधिक जोडिएको औ रोचक बनाउने उद्देश्यले इन्टरपर्सनल मीडिया प्रचार प्रारंभ गरिसकेको छ। प्रचारमा जुन प्रमुख विषयहरू समावेश गरिएको थियो छ त्यसमध्ये कानुनी साक्षरता पनि एउटा प्रमुख विषय हो।

कानुनी साक्षरताको विषयमा सबैलाई जानकारी उपलब्ध गराउन कानुनी साक्षरता शृङ्खलाको निर्माण गरिएको छ। भारत सरकारको मानव संसाधन विकास मन्त्रालयको अधीनको राष्ट्रीय साक्षरता मिसन प्राधिकरण र विधि तथा न्याय मन्त्रालय (न्याय विभाग) को मातहतमा गुवाहाटीमा आयोजित कार्यशालामा असम (असमीया भाषा), त्रिपुरा (बाङ्ला भाषा)र सिक्किम (नेपाली भाषा) का विशेषज्ञ, लेखक तथा राज्य कानुनी सेवा प्राधिकारणको सहयोगमा कानुनी साक्षरता सामग्री तयार पारिएको हो।

कानुनी साक्षरता सामग्रीको निर्माणमा न्याय विभाग, न्याय मंत्रालय: भारत सरकार औ (A2J NE & JK) प्रकल्प प्रबन्धन समूहद्वारा तकनिकी सहयोग प्रदान गरिएको सामग्रीको अनुमोदन न्याय विभाग, न्याय मंत्रालय भारत सरकारद्धारा गरिन्छ। राष्ट्रिय साक्षरता मिशन प्राधिकरण सबै संस्था र विभागहरूप्रति आभार व्यक्त गर्दछ। आशा गरिन्छ यी सामग्री कानुनी साक्षरताप्रति जनसाधरणमा कानुनी जागरूकता ल्याउन सफल हुनेछ।

राष्ट्रिय साक्षरता मिशन प्राधिकरण
मानव संसाधन विकास मंत्रालय, नई दिल्ली

# हाम्रा दुई कुरा

स्रोत केन्द्र असमले थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरेर प्रकाशन गर्ने व्यवस्था गरेको छ। गुवाहाटीमा आयोजित लेख तयारी कार्यशालामा थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरिएको छ। अनुदित पुस्तिकाहरू असम राज्य कानुनी सेवा प्राधिकरणाद्वारा अनुमोदित भएका छन्। यसै अवसरमा कार्यशालामा सहभागी प्रत्येक व्यक्तिलाई धन्यवाद ज्ञापन गरिन्छ। आशा छ थी पुस्तिकाहरूलाई पाठकले स्वागत गर्ने।

समीरण ब्रह्म
निदेशक
राज्य स्रोत केन्द्र

# अत्याचारको अन्त

राजमान एक गरीब किसान थियो। ऊ अनुसूचित जातिको थियो। सड़क छेउको नदी किनारमा उसको 2 एकर खेती जमीन थियो। राजमानको जमीन छेउमा गाउँको मण्डल धनसिंहको जमीन थियो। मण्डलको जमीन राजमानको जमीनको पछिल्तिर थियो।

राजमानको बिहे सीतादेवीसंग भएको थियो। उनीहरूको



एउटा छोरा बलराम र छोरी रमा थिए। खेतमा बनिएको सानो झोपडीमा सपरिवार बस्थे।

छोरी रमाको बिहेको निम्ति राजमानलाई रूँपियाको खाँचो पर्‍यो। ऊ गाउँको मण्डल धनसिंहकोमा ऋण माग्न गयो। धनसिंह ऋण दिन राजी भए। धनसिंहको नियत ठीक थिएन। राजमानको जमीन आफ्नो अधिनमा पार्ने ताकमा पहिलेदेखि नै थियो।




धनसिंहलाई यो मौका गुमाउने इच्छा ठयाम्मै थिएन्। उसले राजमानलाई भन्यो – म रूँपिया दिन राजी छु, तर सरकारी अफिसमा गएर कागज–पत्र गर्नपर्छ। अर्को महीना छोरी रमाको बिहे गर्नु थियो। अनपढ राजमानलाई रूँपियाको खाँचो थियो। उसले धनसिंहमाथि भरोसा गरेर रूपियाँ लिने विचार गर्‍यो।

धनसिंहले सरकारी अफिसमा राजमानलाई रूँपिया दिएर कागजमा बुढी औंलाको छाप लगायो।

राजमानले छोरी रमाको बिहे किशनसंग धूमधामले गरिदियो। त्यो साल खेतको उब्जनी राम्रो भयो। फसल बेचेर कमाएको रूपियाँले ब्याजसहित धनसिंहको ऋण उसले भाइलाई साथ लिएर फर्कायो।

राजमानले रूपियाँ लाँदा लेखापढ़ी गरेको कागज माग्यो। चतुर धनसिंहले पछि खोजेर दिनेछु भनी टार्‍यो।

गर्मीको मौसम सुरू हुन थाल्यो। राजमान आफ्नो खेत जोत्न




जमीनमा गयो। तर खेतमा धनसिंहको मानिसहरू खड़ा थिए। उसले आफ्नो खेतमा अन्नबाली लाउन पाएन।

लाचार भएर राजमान धनसिंहकोमा गएर भन्यो मण्डल साहेब, तपाईको सबै रूँपिया मैले फर्काई दिएँ, तर तपाईंले रूपियाँ लिएको कागजपत्र मलाई फर्काउनु भएन। उल्टो आफ्नो मान्छे पठाएर खेत जोत्न मलाई बाधा दिनुभयो। यो कुरो मैले बुझिनँ।

रिसाउँदै धनसिंह गर्जन थाल्यो – राजमान, तैंले आफ्नो

जमीन मलाई बिक्री गरेको होस्। त्यो जमीनको मालिक अब तँ होइन, म हुँ। खेतमा खुट्टा राखिस् भने तेरो ज्यान लिनेछु।

धनसिंहको कुरा सुनेर राजमान डरायो र रून थाल्यो। धनसिंहसंग दयाको भीख माग्यो। हात जोडदै बिन्ती गर्‍यो – उधार लिएको सम्पूर्ण रूपियाँ मैले तपाईंलाई फर्काई दिएको हुँ। कृपया, बेईमानी नगरी मेरो कागज–पत्र फर्काइ दिनुहोस्।



धनसिंहले जवावमा भन्यो – तँ, मसंग झगड़ा गर्न आएको ? यसलाई मेरो छेउबाट पिट्दै निकालेर बाटो कटाईदेऊ।

विवश राजमान रूँदै घर फर्कंदा बाटोमा शिक्षक श्यामराजलाई भेट्यो। उसले धनसिंहले ऊमाथि गरेको अत्याचारको कहानी श्यामराजलाई सुनायो।

श्यामराजले शान्तवना दिंदै राजमानलाई सम्झायो –

चिन्ता गर्ने काम छैन। सरकारले अनुसूचित जाति जनजातिलाई विशेष सुविधा र अधिकार दिएको छ। विशेष न्यायलयद्वारा अनुसूचित जाति र जनजातिलाई निःशुल्क कानुनी सहयोग प्राप्त छ। तिम्रो जमीन फिर्ता पाउने छौ। धनसिंहलाई जेलको हावा खुवाउनै पर्छ।

श्यामराजले धनराजलाई लिएर थाना गयो अनि थानेदारलाई सम्पूर्ण कहानी सुनायो।

थानेदारले भने – कुनै पनि व्यक्तिले अनुसूचित जाति जनजातिको जमीन दखल गर्नु अपराध हो। झुटो कागज



पत्र बनाउनु झन ठुलो अपराध हो। यस अपराधमा कड़ा सजाय औ जेलमा सम्म थुनिनु पर्नेछ। धनसिंहको विरूद्ध लिखित रिर्पोट देऊ। त्यसले सजाय जरूर पाउनेछ।

विशेष न्यायलयमा तिम्रो मामिला चल्नेछ। कानुनी खर्च औ वकीलको फीस तिमीले दिनु पर्दैन। भारत सरकारले अनुसूचित जाति जनजातिलाई यी सुविधाहरू दिएर सम्मानजनक जीवन यापन गर्ने सहूलियत दिएको छ। यस

कानुन अन्तर्गत धनसिंह्ले जमानत पाउने छैन। जेल जान पर्ने छ। तिम्रो जमीन फिर्ता पाउने छौ। हामी त्यसको रक्षा गर्ने छौं।

थानेदारको कुरा सुनेर राजमान मनमनै खुसी भयो।

राजमानले सुनाएको कुराको आधारमा थानेदारले रिर्पोट लेखे। धनसिंहलाई पक्रेर विशेष कोर्टमा उभ्याइयो। दोषी ठहरिएकोले उसलाई जेलको सजाय भयो। कोर्टले राजमानको जमीनको कागजपत्रसहित जमीन फर्काइदियो।

राजमानले आफ्नो जमीनमा फसल लगायो। राजमान र उसको परिवार लह–लह फसल देखेर खुशी भए। आजकल थानेदारले राजमानको हाल–चाल लिइरहेका छन्।

## अनुसूचित जाति अनि अनुसूचित जनजाति अत्याचार निवारण अधिनियम 1989

अनुसूचित जाति जनजाति सदस्यहरूको सूची: सरकारले आर्थिक वा सामाजिक तौरमा अत्यन्त पछाड़िएको जातिको विकासको निम्ति एक विशेष सूची तयार पारेको छ। यसमा समावेश गरिएका मानिसहरूलाई अनुसूचित जाति जनजातिको सदस्यकोरूपमा मानी लिएको छ। यस सूचीलाई भारतको संविधानमा समावेश गरिएको छ। (प्रत्येक राज्य सरकारले आफ्नो राज्यको हिसाबमा अनुसूचित जाति तथा जनजातिको सूची तयार पार्छ।

**अत्याचार के हो :**

जुन व्यक्ति अनुसूचित जाति जनजातिको सदस्य हैन तिनले अनुसूचित जाति जनजाति सदस्यको निम्ति –

* जातिगत शब्द भन्ने।

* नखाने चीज खान वा हानीकारक वस्तु खान वाध्य गराउनु।

* उनको घरमा मैला फोहोर ईत्यादि फ्याँक्नु।

* उसको जमीन जबरजस्ति कब्जा गर्नु, खेती गर्नु।

* मतदान गर्न नदिनु, कुनै व्यक्ति विशेषको पक्षमा भोट दिनलाई मजबूर गराउनु।

झूटो आरोप लगाएर झुटो मुकदमा दर्ता गर्नू।

* सरकारी कर्मचारीलाई झुटो खबर दिएर ऊप्रति झुटो मुकदमा वा कार्यवाही गर्नु।

* कुनै महिलाको लाज भंग गर्दै, यौन शोषण गर्न।

* सार्वजनिक हैंडपम्प, कुँआ, वा जलस्त्रोतबाट पानी लिन रोक लगाउनु।

* गाँउ, घर वा रहने ठाउँ, छोड्नमा मजबूर गर्नु।

**सजा :**

यस्तो अपराध गर्नेलाई कम से कम छ महिना अनि अधिक से अधिक 5 सालको जेल अनि जरिमाना दुवैमा दण्डित गरिनेछ।

**रिर्पोट कहाँ हुन्छ, कसलाई शिकायत गर्ने :**

यदि कुनै अनुसूचित जाति जनजाति व्यक्तिको विरुद्ध कुनै अपराध भएमा – तिनले।

* पुलिस थानामा मौखिक रिर्पोट गर्न सक्छन्। यस रिपोर्ट पुलिस अधिकारीले लेख्नेछ अनि पढ़ेर सुनाउने छ।
* रिपोर्ट लेखेर पनि दिनु सकिन्छ।
* पुलिस अधिकारीले त्यस रिपोर्टलाई तत्काल थानामा भएको पुस्तिकामा लेख्ने छ।
* पुलिस रिपोर्टको एक कपी पीड़ितलाई निःशुल्क दिईनेछ।
* पुलिसको रिर्पोट डाक मार्फत पनि पठाउनु सकिन्छ। पुलिस

उप–अधीक्षकले घटनाको जाँच गर्ने अनि मौकामा गएर स्थिति हेर्ने।

* राहतको हकदार पीड़ित अनि उनको परिवार वा ऊमाथि आश्रितको सूची तयार पार्नु।
* संपतिको हानि वा नुकसानको विस्तारित रिपोर्ट तयार गर्ने छ।
* क्षेत्रमा पुलिस गश्ति आदेश दिन्छ।
* गवाही अनि पीड़ितहरुलाई मदद गर्नेलई सुरक्षा प्रदान गर्छ।
* पीड़ितलाई तत्काल राहत प्रदान।

**पीड़ितलाई सहायता :**

पीड़ितलाई यसप्रकार सहयोग गर्न सकिन्छ :

* नगद वा वस्तुको रुपमा।

* कृषि भूमि तथा आवासको रूपमा।
* पुनर्वासको व्यवस्था।
* आश्रित तथा कुटुम्बको सदस्यहरुमाझ एकजनालाई रोजगार दिन।
* विधवा, मृतकको आश्रित बाल–बालिका वृद्धहरुलाई पेंशन योजना।
* पीड़ितवर्गको आर्थिक वा सामाजिक हालत मजबूत गर्नु।
* पीड़ितहरुको घर निर्माणको निम्ति ईंटा पत्थर राख्ने ठाउँ दिन।
* तिनको स्वास्थ्य, निवास, आवश्यक चीजको पूर्ति, बिजुली, पानी, श्मशान घाटको सुविधा दिनु, जरुरी चीजको आपूर्ति गर्नु, तिनको घर सम्म पुर्‍याउन, सड़कको निर्माण गर्नु।

**कानुननको पालनमा सरकारको कर्तव्य :**

* पीड़ित व्यक्तिलाई सुविधा दिनु, जसमा कानुनी सहायता पनि सामेल छ।

* गवाही अनि पीड़ित व्यक्तिको यात्रा अनि भरण–पोषणको खर्च सरकारले दिनेछ।

* पीड़ित व्यक्तिहरुको आर्थिक वा सामाजिक पुनरुद्धारको व्यवस्था।

* निरीक्षक समितिको नियुक्ति गर्नेछ। समय समयमा यस अपराध वा कानुनबारे सुझाव दिनेछ अनि सर्वेक्षणको व्यवस्था।

* अनुसूचित जाति जनजातिको समुदायप्रति अत्याचार नहोस यसको निम्ति सुरक्षाको उपाय गर्नु।

**गंभीर अपराध अनि सजाय :**

अपराध – झुटो गवाही वा सबुत दिनाले जसले अनुसूचित जाति वा जनजातिको सदस्यको मृत्यु दंड हुन सक्छ?

सजा – अपराधीलाई उम्रकैद अनि जरीमाना दुवै हुनुसक्छ।

अपराध – झुटो गवाही वा साक्षी दिनले 7 साल सम्मको वा अधिक सजाय हुनुसक्छ।

सजा – छ महिनादेखि सात सालसम्मको सजाय अनि जरिमाना दुबै हुनुसक्छ।

अपराध – संपत्ति वा त्यसको कुनै भाग विस्फोट द्वारा नुकसान गर्नु।

सजा – छ महिनादेखि सात सालसम्मको जेल अनि सजाय हुनुसक्छ।

अपराध – पूजा स्थल, निवास वा संपति राख्ने स्थानमा आगो लगाएर वा विस्फोटकद्वारा नष्ट गरे।

सजा – आजीवन कारावास वा जरिमाना दुवै दंडित हुनसक्छ।

मुकदमा कहाँ गरिन्छ, रिपोर्ट कसरी दर्ज गरिन्छ।

सरकारले प्रत्येक क्षेत्रमा अनुसूचित जाति अनुसूचित

जनजातिको व्यक्तिहरू निम्ति अत्याचारको संवन्धमा विशेष थाना बनाएको छ। वहाँ रिर्पोट लेखिन्छ अनि जाँच गरिन्छ। पुलिसले मुकदमा दर्ता गरेर विशेष न्यायलयमा मुकदमा पठाउँछ। जहाँ मामिलाको सुनुवाइ हुन्छ।

# प्रकाशित पुस्तिकाहरू

१) आँखा खुल्यो

२) कुरा मिल्यो

३) मायाको पाठशाला

४) मर्यदाको प्रश्न

५) सुचनाको अधिकार ऐन 2005

६) आशाको करिण

७) अब कोही णोको नरहोस

८) अत्याचारको अन्त

९) रमेशले न्याय पायो

१०) हाम्रो जंगल हाम्रे धरोहर

११) भारत सरकारका प्रमुख योजनाहरू

Saakshar Bharat


**STATE RESOURCE CENTRE ASSAM**

**1-CD, Mandovi Apartments, GNB Road**

**Ambari, Guwahati-781001**

**E-mail-srcassam@hotmail.com**



**A2J (NE&JK)**

**Copies .......**